सरकार वादी फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ को अधीनमा रही देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ:

१. सरकार वादी फौजदारी मुद्दा मध्ये मिलापत्र हुने प्रकृतिका मुद्दामा मिलापत्रका लागि पेश भएको निवेदन बमोजिमको मुद्दा सम्बन्धित कार्यालयमा चालु अवस्थामा रहे नरहेको यकिन गरेर मात्र दर्ता गर्ने,

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लेखित मिलापत्र हुने प्रकृतिको (सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगार सम्बन्धी कसूर वा बैंकिङ्ग कसूर अन्तर्गतको चेक बाउन्स आदि) मुद्दा भए नभएको यकिन गर्ने,

३. मिलापत्र गर्न पेश भएको संयुक्त निवदेनमा देहायका कुराहरु भए नभएको यकिन गर्ने:
   (क) मिलापत्रको निवेदनमा पीडित र प्रतिवादीहरुको हस्ताक्षर र सहिछाप,
   (ख) पीडित र प्रतिवादी बीच के कस्तो शर्तमा मिलापत्र गर्न मञ्जुर भएको हो सो विषय मिलापत्रको निवेदनमा स्पष्ट रुपमा उल्लेख भएको,
   (ग) पीडित र प्रतिवादीको पहिचान खुल्ने आधिकारिक कागजात वा परिचयपत्र संलग्न भएको,
   (घ) मिलापत्र गर्दा पीडितले प्रतिवादीबाट बिगो, हर्जाना तथा अन्य रकम कुन कुन प्रतिवादीबाट कुन कुन पीडितले के कसरी प्राप्त गरेको हो वा गर्ने हो स्पष्ट उल्लेख भएको,
   (ङ) मिलापत्रको संयुक्त निवेदनमा उल्लेख गरे बमोजिमका कागजात तथा अवस्था भए नभएको यकिन गर्ने,

४. मिलापत्रको निवेदन बमोजिम पीडित र प्रतिवादीलाई मिलापत्रको मतलब र परिणाम समेत जानकारी गराउने,

५. मिलापत्रको प्रकृया अगाडि बढाउन मञ्जुर भए पीडित र प्रतिवादीको सनाखत गराई तोकिएको सरकारी वकीलले सहिछाप गर्ने,

६. सनाखत गर्ने सरकारी वकीलले सनाखत गर्दा नाम, पद, कार्यालय र मिति समेत उल्लेख गरी कार्यालयको छाप समेत लगाउने,

७. अभियोगपत्र दायर गर्दा पीडितलाई प्रतिवादीबाट प्रचलित कानून बमोजिम बिगो, हर्जाना तथा अन्य रकम भराउन मागदाबी गरिएको भए पनि पीडित र प्रतिवादी बीच मिलापत्र गर्दा अभियोगपत्रमा उल्लेख गरे भन्दा कम बिगो, हर्जाना तथा अन्य रकम बुझाउने गरी वा पूरै बिगो, हर्जाना तथा

# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :-०८०/०८१ रामशाहपथ, काठमाडौं

चलानी नं. :- ४६ मिति :२०८०/०४/११


**विषयः नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड सम्बन्धमा।**

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) बमोजिम सबै सरकारी वकील कार्यालयहरूले प्रयोग तथा पालना गर्नेगरी माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०/०४/११ को निर्णयबमोजिम जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड पाना ५ (पाँच) यसैसाथ संलग्न छ। उक्त मापदण्ड बमोजिम मिलापत्र सम्बन्धी काम कारवाही गर्न गराउनका लागि अनुरोध गरिन्छ। साथै मातहतका सरकारी वकील कार्यालयहरूबाट मिलापत्र सम्बन्धमा भएको काम कारवाहीको अनुगमन तथा सहजीकरण गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा देहाय बमोजिमको समिति गठन भएकोले सो सम्बन्धी काम कारवाहीमा कुनै कठिनाई वा द्विविधा भएमा उक्त समितिका पदाधिकारीसँग सम्पर्क गर्नुहुन एवं आ-आफ्नो कार्यालयबाट भएको मिलापत्र सम्बन्धी आदेश यस कार्यालयको इमेल ठेगाना (milapatra@ag.gov.np) मा पठाउनका लागिसमेत सोही निर्णय बमोजिम अनुरोध गरिन्छ।

**समितिः**

| सि.नं. | नाम,थर | पद | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | श्री लोकराज पराजुली | सहन्यायाधिवक्ता | संयोजक | ९८५१३११०१७/ ९८५१२१४४७७ |
| २. | श्री सोमकान्ता भण्डारी | सहन्यायाधिवक्ता | सदस्य | ९८४१३८४९९३ |
| ३. | श्री निमा घिमिरे | उपन्यायाधिवक्ता | सदस्य | ९८४१४९८८२८ |
| ४. | श्री बाबुराम भट्टराई | सहायक न्यायाधिवक्ता | सदस्य | ९८४१३७३३९९ |

(बाबुराम भट्टराई)
सहायक न्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np


CamScanner

अन्य रकम छाडि मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई सो व्यहोरा निवेदनमा उल्लेख गरी निवेदन दिएको अवस्थामा सो बमोजिम मिलापत्र गर्न आदेश दिन सकिने,

८. मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकार वादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश नभई सकेको अवस्थामा पनि मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउन सकिने (महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।१२।०६ को निर्देशन नं. ३ मा यस सम्बन्धमा उल्लेख गरिएको),

९. एक भन्दा बढी पीडित भएको मुद्दामा मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउँदा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।१२।०६ को निर्देशन नं. ४ अनुसार प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानून बमोजिमका संरक्षकले आ आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रकृया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना र अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट) र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारबाही अगाडि बढाउने।

१०. एक भन्दा बढी प्रतिवादी भएका मुद्दामा प्रतिवादीहरु मध्येका कुनै व्यक्तिले मात्र मिलापत्रको प्रकृयामा सहमत भई पीडितसँग मिलापत्रको संयुक्त निवेदन दिएको तर कुनै प्रतिवादी फरार रहेको वा मुद्दा मुलतवीमा रहेको वा मिलापत्रको प्रकृयामा सहभागी नभएको अवस्थामा पीडितले त्यस्ता प्रतिवादीका हकमा समेत दावी छाडि मिलापत्र गर्न मञ्जुर रहेको व्यहोरा स्पष्ट उल्लेख गरेको अवस्थामा मिलापत्र गर्न सकिने गरी आदेश दिने,

११. एक भन्दा बढी पीडित वा प्रतिवादी भएका मुद्दामा बुदा नं. ९ र १० को अवस्थामा बाहेक कुनै पीडित वा प्रतिवादी बीचमा मात्र (आंशिक मुद्दा) मिलापत्र गर्ने गरी मिलापत्र नगर्ने,

१२. मिलापत्रको निवेदन दिन स्वयम् पीडित वा प्रतिवादी उपस्थित हुन नसक्ने अवस्था भएकोमा सोको आधार कारण उल्लेख गरी प्रमाण सहित मिलापत्र गर्ने प्रयोजनका लागि पीडितले निजको नजिकको हकवालालाई मंजुरिनामा दिएको अवस्थामा मिलापत्रको प्रकृया अगाडि बढाउने,



CamScanner

१३. मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाउँदा दस लाख रुपैयासम्म भएमा पीडितले सो रकम बुझेको भरपाइ वा कागज संलग्न भए नभएको यकिन गर्ने,

१४. मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम लेनदेन गर्दा दस लाख रुपैया भन्दा बढी बिगोका हकमा बैंकिंग प्रणाली वा विद्युतीय माध्यम मार्फत बुझाएको देखिने निस्साको सक्कल प्रति (बैंक भौचर, बैंक स्टेटमेन्ट, रसिद आदि) भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउने,

१५. प्रतिवादीले अदालतबाट भएको आदेश बमोजिम धरौटी राखेको र पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम सो धरौटी रकमबाट लिनेदिने शर्त राखी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिम मिलापत्रको प्रकृया अगाडि बढाउने,

१६. पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बापत प्रतिवादीले रकमको सट्टामा जग्गा वा अन्य सम्पत्ति दिने शर्त गरी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिमको अवस्था भएको मिसिलबाट देखिएमा मिलापत्रको प्रकृया अगाडि बढाउने,

१७. प्रतिवादी र पीडित बीच पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम अदालतमा मिलापत्र गर्दाका बखत रकम लेनदेन गर्ने शर्त राखी मिलापत्रको निवेदन दिएकोमा मिलापत्रको प्रकृया अगाडि बढाउने,

१८. मिलापत्र हुने नहुने आदेश कार्यालय प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलबाट मात्र गर्ने,

१९. मिलापत्रको निवेदन सनाखत भएको मितिले सामान्यतया तीन दिन भित्र मिलापत्र सम्बन्धी निर्णय गर्नु पर्ने,

२०. मिलापत्रको आदेश दिने निर्णय भए वा नभएको जानकारी पीडित र प्रतिवादीलाई गराई मिसिल संलग्न गर्ने,

२१. मिलापत्रको आदेश दिने निर्णय भएकोमा सो आदेशको प्रतिलिपि र आवश्यक कागजात सम्बन्धित अदालतमा यथाशीघ्र पेश गर्ने,

२२. मिलापत्र हुने गरी आदेश भएकोमा सोको आदेश पर्चा अनुसूची १ र तथ्यांकको बिवरण अनुसूची २ बमोजिम गरी अभिलेख राखे,

२३. मिलापत्रको आदेश दिने सम्बन्धी कार्य गर्दा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही यस मापदण्ड बमोजिम गर्ने गराउने ।



CamScanner

अनुसूची १

श्री .......... वकील कार्यालय, ..........

मिलापत्रको आदेश सम्बन्धी निर्णय

आर्थिक वर्ष:

निर्णय नं.:-

१. जाहेरवालाको नामः ..........

२. वारदात मिति र स्थानः ..............................................

३. प्रतिवादीको नाम, थरः ....................

४. मिलापत्रको निवेदन दर्ता मिति: ................

५. दर्ता नं: ......................

६. मुद्दाः- ..........

७. मुद्दा विचाराधीन रहेको अदालत:- ..........

८. अदालतको मुद्दा नं: ....................

९. सनाखत गर्न तोकिएको सरकारी वकील:

पद : .......... सनाखत मितिः ..........

१०.राय पेश गर्न तोकिएको सरकारी वकील:

पद : .......... राय पेश गरेको मितिः ..........

११.कार्यालय प्रमुख समक्ष प्राप्त मितिः ..........

१२.मिलापत्र सम्बन्धमा भएको निर्णय व्यहोराः .............................. ................................
.................... ........................... ............................
.................................................... ................................. .........................
.................... ........................... ..................................... ...........
.................................. ............... ....................................... ......................
............................................................ ..................... ...........
.................................................. ............................................... ..................
.................... ....................................... ................................. ......................

हस्ताक्षर ...........................

आदेश दिने सरकारी वकीलको नाम: ................

पद: ................

मिति: ................

## अनुसूची २

..... सरकारी वकील कार्यालय .........

### मिलापत्र सम्बन्धमा भएका कारवाहीको विवरण

| सि नं | जाहेरवालाको नाम | प्रतिवादीको नाम | मुद्दा | अदालतको मुद्दा नं. | पीडितको संख्या | प्रतिवादीको संख्या | मिलापत्रको आदेशको निर्णय | | अदालतबाट मिलापत्र | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | हुने | नहुने | भएको | नभएको | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |